मिति २०७४/०६/०१ मा सम्पन्न नगर कार्यपालिकाको बैठकमा पेश भएका प्रस्तावहरु :-

**प्रस्तावहरु**

१) नगरक्षेत्र भित्रका मर्मत-सम्भार भै काम सम्पन्न भएका मोटरबाटोहरुको भुक्तानी सम्वन्धमा ।

२) घरभाडामा लिने सम्बन्धमा ।

३) जे.सी.बी र टिपर खरिद सम्बन्धमा ।

४) फोहोरमैला व्यवस्थापन सम्बन्धमा ।

५) नगरपालिका र वडा कार्यालयहरुको लागि जग्गा प्राप्ति र भवन निर्माण सम्बन्धमा ।

६) अस्थायी प्रहरी चौकी स्थापना सम्बन्धमा ।

७) बिजुली बत्ती व्यवस्था सम्बन्धमा ।

८) वडा कार्यालयमा कार्यरत अस्थायी र करार कर्मचारीको तलब भत्ता सम्बन्धमा ।

९) स्वास्थ्य संस्थामा कार्यरत अस्थायी र करार कर्मचारीको पारिश्रमिक सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १ :**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगरक्षेत्र भित्रमा वर्षातको समयमा बाढी पहिरोको कारण अवरुद्ध भई सवारी साधन संचालन हुन नसकेका मोटर बाटोहरु मर्मत सम्भार भई काम सम्पन्न भएको हुँदा रु ६,००,०००। (अक्षरुपी छ लाख रुपैया मात्र ।) भुक्तानी दिने कार्यको लागि कार्यकारी अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २ :**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिका कार्यालय प्रयोजनको लागि घरभाडामा उपलब्ध गराउने सम्बन्धि मिति २०७४/०५/१९ मा ७ दिने सूचना प्रकाशित भएकोमा उक्त समयभित्र यस कार्यालयमा पेश हुन आएका ३ वटा निवेदन मध्ये घरधनी निमकुमारी पुनले सबभन्दा कम दरमा प्रतिमहिना रु १५०००। (अक्षरुपी पन्ध्र हजार रुपैंया मात्र) घरभाडामा दिन इच्छुक भएको हुँदा प्रतिमहिना रु १५०००। मा नियमअनुसार लाग्ने करकट्टी गरि भुक्तानी दिने गरि घरभाडामा लिने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिकाको लागि आवश्यक पर्ने जे.सी.बी र टिपर खरिदका लागि आवश्यक कानुनी प्रक्रिया पुऱ्याई खरिद गर्ने निर्णय गरियो ।